# लोक सेवा आयोग
# जलेश्वर कार्यालय, जलेश्वर

## अनुसन्धान सहायक पद द्वितीय चरणको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं.:४५/०७८-७९ मिति: २०७८।०६।२०**

लोक सेवा आयोग, जलेश्वर कार्यालयवाट मिति २०७८।०६।०२ गते संचालन भएको **श्री राष्ट्रिय अनुसन्धान विभागको** वि.नं. ०३/०७७/७८ (खुला,समावेशी), नेपाल विशेष सेवा, रा.प.अनं. द्वितीय श्रेणी सरह, **अनुसन्धान सहायक** पदको प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको द्वितीय चरणको लिखित परीक्षा निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षा कार्यक्रम :**

| वि.नं. | सेवा | तह/श्रेणी | पद | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ०३/०७७/७८ | नेपाल विशेष सेवा | रा.प.अनं. द्वितीय श्रेणी सरह | अनुसन्धान सहायक | २०७८ कार्तिक ०९ गते दिनको २:०० बजे | २०७८ कार्तिक १० गते दिनको २:०० बजे |

**परीक्षा केन्द्र :**

| सि.नं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | प्रथम चरणको लिखित परीक्षावाट छनौट भएका सबै उम्मेदवारहरु | | ६९ | श्री लोक सेवा आयोग, जलेश्वर कार्यालयको परीक्षा हल। |

द्रष्टव्य १ :-

१. परीक्षा भवनमा मोबाइल, अन्य इलेक्ट्रोनिक्स डिभाइस र ब्याग(झोला) निषेध गरिएको छ।
२. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
३. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।
४. परीक्षार्थीले अनिवार्य रुपमा आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकता प्रमाणपत्र वा सार्वजनिक संस्थावाट जारि भएको परिचय खुल्ने कागजात लिई परीक्षा भवनमा आउनुपर्नेछ।
५. अन्यत्र परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत गराएका उम्मेदवारहरुलाई माथि उल्लेखित परीक्षा केन्द्रमा सम्मिलित गराइने छैन ।

द्रष्टव्य २ :-

**कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य रुपमा पालन गर्नुपर्ने थप विषयहरू :**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्नेछ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नु पर्नेछ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्नेछ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नुहुदैन।
६. **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीले** परीक्षामा सम्मिलित हुन परीक्षा हुनुभन्दा एकदिन अगावै मो.नं. ९८६२२९०२९८ वा फो.नं. ०४४५२०१४७ मा जानकारी गराउनु पर्नेछ।

माधव घिमिरे
शाखा अधिकृत